आज मिति २०८२ साल वैशाख ३० गतेका दिन फलेवास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री जीवन ज्ञवाली ज्यू को अध्यक्षतामा बसेको कर्मचारीहरुको बैठकमा तपसिल बमोजिमको उपस्थिती रहेको छ। साथै देहायको विषयमा त्रैमासिक समिक्षा समेत गरियो।

तपसिल:

श्री जीवन ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत
श्री कृष्ण प्रसाद आचार्य नगर शिक्षा अधिकारी
श्री यशोदा सुवेदी वरिष्ठ लेखा अधिकृत
श्री प्रविन गौतम इन्जिनियर
श्री ऋषिराम शर्मा प्रशासकीय अधिकृत
श्री सुदर्शन रेग्मी कृषि अधिकृत
श्री प्रशान्त मान महर्जन जनस्वास्थ्य अधिकृत
श्री कमल गौतम सूचना प्रविधि अधिकृत
श्री जगत बहादुर कुँवर न्यायिक सहजकर्ता
श्री कृष्ण प्रसाद पौडेल अधिकृत
श्री रमेश शर्मा पौडेल ,,
श्री रुद्र शर्मा खापडोरा ,,
श्री रत्नमणी सुवेदी ,,
श्री प्रताप पौडेल ,,
श्री मनिष शर्मा अधिकारी ,,
श्री भरत भुसाल ,,
श्री टंक बहादुर खत्री ,,
श्री मुना शर्मा पौडेल ,,
श्री केदार तापकोट - कृषि स्नातक
श्री मेनुका अधिकारी सि. पशु प्रा.
कृष्ण प्रसाद शर्मा क. अपरेटर
श्री शिव बहादुर खत्री रोजगार संयोजक
टिका प्रसाद पौडेल लेखापाल
प्रकाश भुसाल
निश्चल जुवाकोटी
Taniya Bhandari Chhetri (S.M)
अस्मिता तिवारी व.प्र.स्वा.
सागर लामिछाने
शोभा पी पोखरेल
प्रेम पाण्या

गिर बहादुर गुरुङ  इ.से.न्यालङ
चन्द्र बहादुर कुँवर  का.स.
निर्मला ढकाल  प.हे.न.
तिलक राम पोखरेल  इ-उप.
सुनिताशर्मा सुवेदी  व.पु.पु.पाँचौ
पाराश्वर शर्मा
सुबन सुवेदी  मनोसामाजिक परामर्शकर्ता
गीता कुमारी शर्मा  का.स.
श्री बिशान क्षेत्री  कु.न.पा. ७ भँगारा वडा सचिव
श्री कृष्ण राज घिमिरे  कु.न.पा. ६ सहायक
श्री देवराज पंडित  कु.न.पा. १० वडा सचिव
श्री अर्जुन प्रसाद तिवारी  कु.न.पा. ३ वडा सचिव
श्री सौगात सापकोटा  कु.न.पा.२. सामाजिक आमन्त्रित
श्री नारायण शर्मा  कु.न.पा.१
श्री शिव बहादुर पुडेल
श्री गोपाल घिमिरे  कु.न.पा.८ वडा सचिव
श्री शेर बहादुर खत्री  कु.न.पा.२  अ.स.ई.
श्री सरस्वती आचार्य  कु.न.पा. ११. वडा सचिव

प्रस्ताव नं. १ प्रमुख प्रशासकीय भवन सम्बन्धमा ।

निर्णय नं. प्रस्ताव नं. १ माथिको विषयमा छलफल गर्दा कार्यालयमा खानेपानी र विद्युत प्रवाहमा रहेको असहजता र कमिकमजोरीको समस्या समाधान र व्यवस्थापन गर्न जिन्सी शाखा श्री पाराश्वर शर्मा र पूर्वाधार शाखाबाट श्री प्रविन गौतमलाई जिम्मा प्रदान गरियो ।

निर्णय नं. २ कार्यालयमा इन्टरनेटको चाडो सेवा प्रवाहलाई सहजता प्रदान गर्न इन्टरनेट सुधार गर्ने र टेलिफोन साथै इन्टरकमको व्यवस्था गर्न लेखा शाखा श्री यशोदा सुवेदी र जिन्सी शाखा श्री पाराश्वर शर्मा संग समन्वय गरी सूचना प्रविधि अधिकृत श्री कमल गौतमले गर्ने गरी जिम्मा प्रदान गरियो ।

निर्णय नं. ३ कार्यालय नव निर्मित भएको हुदाँ सबै शाखा

...नगर कार्यपालिकाको कार्यालय ... वानीगाउँ, पर्वत, गण्डकी प्रदेश, नेपाल
जीवन ...पाली
... प्रशासकीय अधिकृत

आ- आफ्नो कोठामा रहेका कम्प्युटर र सामग्री ~~रिपी~~ इन्जिनियर प्रविन गौतमलाई बुझाउने निर्णय गरियो।

~~निर्णय नं. ४~~

प्रस्ताव नं. २ :- त्रैमासिक समिक्षा सम्बन्धमा

निर्णय नं. १ प्रस्ताव नं. २ माथिको विषयमा छलफल गर्दा यस फलेवास नगरपालिकाको आ. व. २०८२।०८३ को तेस्रो त्रैमासिकको प्रगती समिक्षा कार्यक्रममा फलेवास नगरपालिकामा कार्यरत नगर कार्यपालिकाको शाखा प्रमुख र वडा सचिवहरूबाट प्रगती समिक्षा प्रस्तुती गर्ने कार्य सम्पन्न भयो। पालिकाको भौतिक प्रगति ५२% र वित्तीय प्रगती ४६.०२% भएको पाईयो। साथै कार्यक्रमको अन्तमा प्रमुख प्रशासकीय अधिकृत श्री जीवन ज्ञवाली ज्यूबाट कर्मचारीहरूलाई आवश्यक निर्देशन सहित कार्यक्रमको समापन गर्नु भयो।

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

## फलेवास नगरपालिकाको कार्यालयमा मिति २०८३/०१/३१ गते संचालन भएको आ.व २०८२/०८३ को तेस्रो त्रैमासिक प्रगती समिक्षा कार्यक्रमको प्रतिवेदन

पृष्ठभूमी

नेपालमा ३ तहका सरकारहरु गठन भई सञ्चालनमा रहेका छन । नेपालको संविधानमा उल्लेख गरिएका एकल तथा सयुक्त अधिकार सुचिका आधारमा कानुनहरु निर्माण भई तिनै तहका सरकारहरुद्धारा आफ्ना कार्यक्रम तथा योजनाहरु लगाएत विभिन्न क्रियाकलपहरु सञ्चालनमा आएका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम स्थानीय सरकार प्रभावकारी रुपमा सञ्चालन गर्ने क्रममा आफ्ना कार्यक्रम तथा वजेट तयार गर्ने र नगरस्तरमा अन्य तह र निकाय तथा प्रदेश र संघिय सरकार संग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सक्रिय रहेका हुन्छन् । यस्ता कार्यक्रम प्रभावकारी कार्यन्वयन गर्न अनुगमन गर्ने, समिक्षा गर्ने, कमिकम्जोरी र त्रुटि हुन नदिने, सार्वजनिक सुनुवाई गर्ने र लोकप्रिय कार्यक्रमलाई निरन्तरता दिने, गल्तीलाई सुधार गर्दै लैजानाले समृद्ध फलेवास सुखी फलेवासी नगर वनाउने अभियानले सार्थकता पाउने अपेक्षा गर्न सकिन्छ ।

नगरपालिकाद्धारा आ.व. २०८२।०८३ को तेस्रो त्रैमासिक सम्म गरिएका कार्यक्रमहरु कार्यान्वयन भैसकेका छन् । उक्त कार्यक्रमहरुको प्रभावकारिताका लागि निरन्तर अनुगमन तथा पृष्ठपोषण हुनु आवश्यक मानिन्छ । साथै विगतका राम्रा अभ्यासहरुलाई निरन्तरता दिने र कमीकमजोरीहरु पत्ता लगाउदै सुधार गरि अगाडी वढेमा विकास कार्य प्रभावकारी हुने आशा गर्न सकिन्छ । फलेवास नगरकार्यपालिकाद्धारा गत आ.व.मा विभिन्न शाखाद्धारा सञ्चालित कार्यक्रमहरु तथा यस नगर क्षेत्रभित्र प्रदेश तथा संघिय सरकार द्वारा सञ्चालित कार्यक्रमहरुको प्रगति प्रस्तुतीकरण गर्ने छलफल तथा अन्तक्रिया गरी आगामी कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउने उद्येश्यले यस नगर कार्यपालिकाको कार्यलयद्धारा मिति २०८३ साल वैशाख ३१ गते का दिन नगरपालिका र वडा स्तरमा भएका र वडाले सम्पादन गरेका कार्यहरु र नगरपालिकाको कार्यलयद्धारा सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रस्तुतीकरण तथा समिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो ।

- त्यसै गरि वडा तहको जिम्मेवारी पुरा गर्ने सन्दर्भमा वडास्तरवाट निरन्तर कार्य सम्पादन भएको देखिन्छ । यस नगरपालिका अनर्गत ११ वडाहरु रहेका र ती वडाहरुले संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ र अन्य कानुनले प्रदान गरेका अधिकार बमोजिम

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल २०७४

कृष्ण प्रसाद पौडेल
अधिकृत

CamScanner

कार्यहरु गरिरहेका छन् । यसरी वडाले आफ्नो अधिकारि र कर्तव्यको प्रयोग गरी ११ वटा वडा बाट सेवा प्रवाह तपसिल बमोजिम भएको पाइयो ।

| क्र.स. | विवरण | जम्मा संख्या |
|---|---|---|
| १ | चलानी | ७९५७ |
| २ | घटना दर्ता | १०८७ |
| ३ | जम्मा राजश्व असुली | ७४३९३८५ |
| ४ | जम्मा घरधुरी | ५९०७ |
| ५ | जम्मा जनसंख्या | ३०२३२ |

- वडा कार्यालयबाट प्रभावकारी रुपमा सेवा प्रवाह हुने गरेको साथै वडामा आउने उजुरीहरुको प्रभावकारी रुपमा फछ्यौंट गर्ने गरेको वडागत प्रस्तुतीबाट प्रष्ट भएको ।
- शाखागत प्रगती समीक्षा नगरपालिकाका प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, योजना शाखा, राजश्व शाखा, स्वास्थ्य शाखा, कृषि शाखा, भेटेरिनरी शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, न्यायिक समिति, श्रम तथा रोजगार शाखा, सूचना प्रविधि शाखा, पञ्जिकरण शाखा लगायतले आफ्नो प्रगती प्रस्तुती राख्नुभएको र शाखाको प्रस्तुती संगै उठेका प्रश्नहरुको जवाफ सम्बन्धीत शाखा प्रमुखले दिनुभएको थियो।
- फलेवास नगरपालिकाको कार्यालय अन्तर्गतका विभिन्न शाखा र ११ वटै वडामा आ.व ०८२/०८३ को तेस्रो त्रैमासिक सम्ममा सम्पन्न योजना तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्याहरु, उपलब्धी एवं सीकाईहरु समीक्षा बैठकमा प्रस्तुतिकरण भई व्यापक छलफल र समीक्षा गरियो । उक्त कार्याक्रममा प्रस्तुत प्रतिवेदनको आधारमा योजना तथा कार्यक्रमको अवस्था सन्तोषजनक देखिन्छ । नगरपालिकाको समग्र वित्तिय प्रगति ४९.०२ प्रतिशत रहेको र ५२ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ ।
- समग्र समीक्षा कार्यक्रममा उठेका प्रश्नहरुको सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत श्री जीवन ज्ञवाली ज्यूले जवाफ दिनुभए संगै कार्यक्रमको समापन भएको थियो ।

कृष्ण प्रसाद पौडेल
अधिकृत

CamScanner